# आकाशवाणी समाचार- नेपाली

मितिः ११ अप्रेल २०२५

समयः १९:५० – २०:०० बजे (*अवधिः १० मिनट*)

## मुख्य समाचार

- पोरतुगल र स्लोभाकियाको सफल राजकीय भ्रमणपछि राष्ट्रपति द्रौपदी मुर्मु स्वदेश फर्किनु भएको छ।

- प्रधानमन्त्री नरेन्द्र मोदीले गरिब र वञ्चितहरूको उत्थान गर्ने संकल्प, 'सबका साथ, सबका विकास' को मन्त्र र सेवाको भावना आज सरकारको नीति र प्रतिबद्धता भएको बताउनु भयो।

- भारतीय जनता पार्टीका वरिष्ठ नेता अनि केंद्रीय गृह मंत्री अमित शाहले भाजपा 2026 को विधानसभा चुनाव अखिल भारतीय अन्ना द्रविड़ मुनेत्र कझगम - एआईएडीएमके को नेतृत्वमा लड्ने बताउनुभएको छ।

- रक्षा अनुसन्धान तथा विकास संगठन-डीआरडीओले सुखोई-३० एमकेआई विमानबाट लामो दूरीको ग्लाइड बम गौरवको सफलतापूर्वक परीक्षण गरेको छ।

- मौसम विभागले राजस्थान, पञ्जाब, हरियाणा, उत्तराखण्ड, हिमाचल प्रदेश र जम्मू कश्मीरमा भारी वर्षाहुने सम्भावना व्यक्त गर्दै ऑरेंज अलर्ट जारी गरेको छ।

## राष्ट्रपति स्लोभाकिया

पोर्चुगल र स्लोभाकियाको सफल राजकीय भ्रमणपछि राष्ट्रपति द्रौपदी मुर्मु स्वदेश फर्किनु भएको छ। राष्ट्रपति द्रौपदी मुर्मुले नयाँ दिल्ली प्रस्थान गर्नुअघि स्लोभाकियाको ब्रातिस्लाभामा भारतीय व्यापारिक प्रतिनिधिमण्डलका सदस्यहरूसँगको अन्तरक्रियात्मक सत्रमा भाग लिनुभयो।

****** ० ******

## प्रधानमन्त्रीको मध्य प्रदेश भ्रमण

प्रधानमन्त्री नरेन्द्र मोदीले गरिब र वञ्चितहरूको उत्थान गर्ने संकल्प, 'सबका साथ, सबका विकास' को मन्त्र र सेवाको भावना आज सरकारको नीति र प्रतिबद्धता भएको बताउनु भयो। श्री मोदीले आज मध्यप्रदेशको अशोकनगरको इसागढस्थित श्री आनन्दपुर धाममा उपस्थित भक्तहरूलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो।यसअघि, प्रधानमन्त्रीले परमहंस अद्वैत सम्प्रदायको मन्दिरको भ्रमण गर्नुभयो, र प्रमुख गुरुलाई भेट्नुभयो अनि सत्संग कार्यक्रममा भाग लिनुभयो। सरकारका कल्याणकारी योजनाहरूको उल्लेख गर्दै श्री मोदीले दान नै साँचो सेवा हो भन्नुभयो। उहाले भन्नु भयो गरिब र वञ्चित वर्गको जीवनलाई सहज बनाउन हाम्रो सरकारले प्रधानमन्त्री गरीब कल्याण अन्न योजना, आयुष्मान भारत योजना, प्रधानमन्त्री आवास योजना र जल जीवन मिशन जस्ता विभिन्न योजनाहरू चलाउँदैछ। श्री मोदीले भन्नुभयो कि हाम्रो सरकारको केन्द्रमा सेवाको भावना रहेको छ। उहाले भन्नु भयो सरकार सबै वर्गको लागि काम गरिरहेको छ। श्री मोदीले वातावरण संरक्षणका लागि 'एक पेड माँ के नाम' शीर्षकको अभियान सुरु गरिएको बताउनु भयो। उहाले भन्नु भयो विश्वमा भौतिक प्रगतिको बीचमा, युद्ध, द्वन्द्व र मानवताको लागि मानवीय मूल्यहरूसँग सम्बन्धित धेरै चिन्ताहरू छन्। यसको मूल कुरा हाम्रो र उनीहरूको मानसिकता हो। यो मानसिकताले मानिसहरूलाई एकअर्काबाट अलग गर्छ। यसअघि सद्गुरुदेव महाराजले भन्नुभएको थियो कि भगवानको नाम मात्र सत्य हो, संसारमा बाँकी सबै कुरा झूट हो। उहाले भन्नु भयो महापुरुषहरूको नाम मात्र सत्य हो।कार्यक्रममा मध्य प्रदेशका मुख्यमन्त्री मोहन यादव, केन्द्रीय मन्त्री ज्योतिरादित्य सिन्धिया र प्रदेश भाजपा अध्यक्ष वीडी शर्मा उपस्थित थिए।

****** ० ******

**अमित शाह - तमिलनाडु भ्रमण**

भारतीय जनता पार्टीका वरिष्ठ नेता अनि केंद्रीय गृह मंत्री अमित शाहले भाजपा 2026 को विधानसभा चुनाव अखिल भारतीय अन्ना द्रविड़ मुनेत्र कझगम - एआईएडीएमके को नेतृत्वमा लड्ने बताउनुभएको छ। चेन्नईमा आज श्री शाहले नरेन्द्र मोदी सरकारले तमिल युवाहरुलाई संघ लोक सेवा आयोग - यूपीएससी परीक्षा तमिल भाषामा दिने अनुमति दिएको बताउनुबह्भायो। उहाँले द्रविड़ मुनेत्र कझगम सरकार ले छात्रहरुलाई तमिल भाषामा चिकित्सा अनि इंजीनियरिंगको पढ़ाई गर्ने अनुमति नदिएको अनि तीन भाषा शिक्षाको दोहरो मापदंड अपनाको आरोप लगाउनुभयो। गृह मंत्रीले मुख्यमंत्री एम के स्टालिन सरकारलाई 39 हजार छ सय 65 करोड़ रुपियाँको मदिरा घोटालाको जवाब पनि माग्नुभयो।

****** ० ******

**इटली-भारत व्यापार मंच**

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले सरकारले युरोपेली संघसँगको स्वतन्त्र व्यापार सम्झौतालाई सकेसम्म चाँडो सम्पन्न गर्ने दिशामा काम गरिरहेको बताउनुभएको छ। उहाँले आज इटाली-भारत व्यापार, विज्ञान र प्रविधि मञ्चलाई सम्बोधन गर्नुहुदै थियो। यस प्लेटफर्मको उद्देश्य भारत र इटालीका व्यापारिक संस्थाहरू बीचको सहकार्य बढाउनु हो। श्री गोयलले भारत ईयू सदस्य देशहरूको लागि एक प्रमुख बजारको रूपमा देखा परेको बताउनुभएको छ। उहाँले भारतले विश्व बजारको लागि देशमा उत्पादनको लागि विशाल अवसरहरू प्रदान गर्ने कुरा पनि बताउनुभयो। वाणिज्य तथा उद्योग मन्त्रीले भारत-इटाली संयुक्त रणनीतिक कार्य योजना २०२५-२०२९ दुवै देशका लागि साझा समृद्धिको बाटो भएको बताउनुभयो।

****** ० ******

**दिल्ली-अयोध्या महोत्सव**

भारतीय संस्कृति, कला र भक्तिमा अयोध्याको महत्त्व देखाउन आजदेखि नयाँ दिल्ली जनपथस्थित इन्दिरा गान्धी राष्ट्रिय कला केन्द्र-आईजीएनसीएमा अयोध्या पर्व २०२५ मनाइँदैछ। यो तीन दिने सांस्कृतिक महोत्सव भक्ति, शास्त्रीय परम्परा र संवादको संगम हो, जसले देशभरका सन्तहरू, सांस्कृतिक विचारकहरू, नीति निर्माताहरू, विद्वानहरू र कलाकारहरूलाई एकै ठाउँमा ल्याउँछ|

****** ० ******

**दिल्ली-सार्वजनिक-सुनवाई**

दिल्ली पुलिसले भोलि बिहान ११ बजेदेखि दिउँसो १ बजेसम्म पूर्वी दिल्लीका विभिन्न क्षेत्रमा सार्वजनिक सुनुवाइ गर्नेछ। यी क्षेत्रहरूमा मधु विहार, मयुर विहार, लक्ष्मी नगर र कल्याणपुरी समावेश छन्। दिल्ली पुलिसको पूर्वी जिल्लाका उपायुक्तले जनतालाई ठूलो संख्यामा सामेल हुन र अधिकारीहरू समक्ष आफ्ना समस्या, गुनासो र सुझावहरू राख्न अनुरोध गर्नु भयो । उहाले मानिसहरूले आफ्नो विचार व्यक्त गर्नुपर्ने र समाधान खोज्नुपर्ने आश्वासन दिनु भयो ।

****** ० ******

**डीआरडीओ**

रक्षा अनुसन्धान तथा विकास संगठन-डीआरडीओले सुखोई-३० एमकेआई विमानबाट लामो दूरीको ग्लाइड बम गौरवको सफलतापूर्वक परीक्षण गरेको छ। रक्षा मन्त्रालयका अनुसार परीक्षणमा लगभग सय किलोमिटरको दूरीसम्म सफलतापूर्वक प्रदर्शन गरियो।गौरव १,००० किलोग्रामको क्लास ग्लाइड बम हो जुन स्वदेशी रूपमा अनुसन्धान केन्द्र इमरत, हतियार अनुसन्धान तथा विकास प्रतिष्ठान र चांदीपुरस्थित एकीकृत परीक्षण रेंजद्वारा डिजाइन र विकास गरिएको हो। DRDO र भारतीय वायुसेनाका वरिष्ठ अधिकारीहरूले यस परीक्षणमा भाग लिए र परीक्षणको समीक्षा गरे।रक्षामन्त्री राजनाथ सिंहले गौरवको सफल परीक्षणको लागि डीआरडीओ, भारतीय वायुसेना र उद्योग जगतलाई बधाई दिनुभयो। उहाँले लामो दूरीका ग्लाइड बमहरूको विकासले सशस्त्र बलको क्षमता बढाउने बताउनुभयो।

****** ० ******

**बजाज मृत्यु**

बजाज अटो लिमिटेडका पूर्व उपाध्यक्ष मधुर बजाजको आज बिहान ६३ वर्षको उमेरमा मुम्बईको एक निजी अस्पतालमा निधन भएको छ। स्वास्थ्य समस्याका कारण उहालाई केही दिन अघि अस्पतालमा भर्ना गरिएको थियो। दुई दिनअघि उहालाई स्ट्रोक भएको थियो र आज बिहान ५ बजेतिर उहाको अन्तिम सास फेर्नु भयो । केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले श्री बजाजको निधनमा शोक व्यक्त गर्नु भयो ।

****** ० ******

**दिल्ली-जामिया शैक्षिक सत्र**

जामिया मिल्लिया इस्लामिया विश्वविद्यालयको शैक्षिक सत्र २०२५-२६ को लागि आवेदन दिने अन्तिम मिति अप्रिल १३ सम्म बढाइएको छ। इच्छुक विद्यार्थीहरूले अन्तिम मितिसम्म स्नातक, स्नातकोत्तर, स्नातकोत्तर डिप्लोमा, एडभान्स डिप्लोमा, डिप्लोमा र प्रमाणपत्र पाठ्यक्रमहरूको लागि फारमहरू भर्न सक्छन्। यसबाहेक, आवेदकहरूले १४ अप्रिल देखि १५ अप्रिल सम्म आफ्नो आवेदन फारममा सुधार गर्न सक्नेछन्। जामियाका उपकुलपति प्रोफेसर मजहर आसिफले देशका दुर्गम क्षेत्रका आवेदकहरूलाई कठिनाइ नहोस् र आगामी शैक्षिक वर्षको लागि आवेदन दिन पर्याप्त समय मिलोस् भनेर अन्तिम मिति बढाउने निर्णय गरिएको बताए। अनलाइन भर्ना फारम प्रवेश पोर्टल admission(dot)jmi(dot)ac(dot)in मा उपलब्ध छ।

****** ० ******

**विद्यार्थी संघको चुनाव**

राजधानी दिल्लीको जवाहरलाल नेहरू विश्वविद्यालयमा विद्यार्थी संघको चुनावको कार्यक्रम घोषणा गरिएको छ। विद्यार्थी संघको चुनाव यसै महिनाको २५ तारिखमा हुनेछ। मतगणना सोही दिन साँझबाट सुरु हुनेछ र निर्वाचनको परिणाम अप्रिल २८ मा घोषणा गरिनेछ। विश्वविद्यालयले आज यस सम्बन्धमा आधिकारिक सूचना जारी गरेको छ।

****** ० ******

**मौसम**

मौसम विभागले राजस्थान, पञ्जाब, हरियाणा, उत्तराखण्ड, हिमाचल प्रदेश र जम्मू कश्मीरमा भारी वर्षाहुने सम्भावना व्यक्त गर्दै ऑरेंज अलर्ट जारी गरेको छ। आकाशवाणी समाचारसँगको विशेष कुराकानीमा विभागका वरिष्ठ वैज्ञानिक आर.के. जेनामानीले १४ अप्रिल सम्म देशमा गर्मीको लहरको कुनै चेतावनि नरहेको बताउनुभयो।

****** ० ******

**आईपीएल - क्रिकेट**

आइपिएल क्रिकेटमा चेन्नई सुपर किंग र कोलकाता नाईट राइर्डस बीच खेल शुरु भएको छ । यसैबीच कोलकाता नाईट राइर्डसले टस जितेर पहिलो बलिंग गर्ने फैसला गरेपछि व्याटिंगको निम्तो पाएको चेन्नई सुपर किंगले ताजा समाचारसम्म ५ ओभरमा २ विकेट गुमाएर १८ रन बनाएको छ ।

****** ० ******

**दिल्ली डिभिजनल रेलवे**

दिल्ली डिभिजनल रेलवे म्यानेजर, पुष्पेश रमन त्रिपाठीले आज नयाँ दिल्ली रेलवे स्टेशनका भरियाहरूसँग स्टेशनमा अन्तरक्रिया गर्नुभयो। उत्तरी रेलवेले अन्तरक्रियाको उद्देश्य रेलवे प्रशासन र सहायकहरू बीचको सम्बन्धलाई सुदृढ पार्नु रहेको बताएको छ। यस अवसरमा, डिभिजनल रेलवे म्यानेजरले उनीहरूको सुझाव सुन्नुभयो अनि उनीहरूको कल्याणप्रति रेलवेको प्रतिबद्धताको आश्वासन दिनुभयो। डिभिजनल रेलवे म्यानेजरले सहायक विश्राम गृहमा सुविधाहरूको सुधार सहित विभिन्न कल्याणकारी पहलहरूको बारेमा छलफल गर्नुभयो।

****** ० ******